## दार्चुला तथा बैतडी जिल्लामा स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन LGPAS सम्बन्धी क्षमता विकास प्रशिक्षण सम्पन्न

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना, डोटीको आयोजनमा **दार्चुला तथा बैतडीका** स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा प्रमुख, आर्थिक प्रशासन शाखा प्रमुख र सुचना प्रबिधि अधिकृतलाई स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन LGPAS सम्बन्धी क्षमता विकास दार्चुलामा महाकाली नगरपालिका खलंगाको हलमा सम्पन्न गरिएको छ भने बैतडीमा दशरथचन्द नगरपालिका गोठालापानी बैतडीमा सम्पन्न भएको छ। माघ २१ र २२ गते दुवै जिल्लामा समानान्तर रुपमा कार्यक्रम संचालन गरिएको हो।स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन को आवश्यकताका साथै सुदृढ, सक्षम र प्रभावकारी स्थानीय शासन स्थापित गर्ने, स्थानीय तहको सुशासन तथा संस्थागत सुदृढीकरण गर्ने, स्थानीय तहको वित्तीय व्यवस्थापन, सेवा प्रवाह र आर्थिक-सामाजिक विकासमा प्राप्त उपलब्धिको मूल्याङ्कन गरी निरन्तर सुधार गर्ने उदेश्यका साथ विषयगत क्षेत्र, सूचक, उपसूचकहरु माथी विस्तृत रुपमा छलफल भइ प्रयोगात्मक अभ्यास मार्फत सहभागिहरुलाइ प्रशिक्षण गराइएको हो ।

दार्चुला जिल्ला कार्यक्रममा श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी, कैलालीका सचिव श्री विमल प्रशाद बरालको उपस्थिति रहनुका साथै प्रशिक्षणको सहजीकरण सहजकर्ताहरु श्री भिम बिष्ट, अर्जुन सुवेदी तथा मनिन्द्र स्थापितले गर्नु भएको थियो भने बैतडी जिल्लामा शंकर सुचिकार तथा नरेन्द्र सिंह विष्टले गर्नु भएको थियो । बैतडीमा १० स्थानीय तहका ३८ जना तथा दार्चुला जिल्लामा ९ स्थानीय तहका ३३ जना कर्मचारीहरुको सहभागिता रहेको थियो ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिँहदरवार, काठमाडौले प्रतिष्ठानको समन्वय तथा सहकार्यमा मिति २०८२ माघ १२ र १३ गते प्रदेश स्तरिय प्रशिक्षक प्रशिक्षण धनगढी, कैलालीमा कार्यक्रम संचालन भए पश्चात सुदूरपश्चिम प्रदेश जिल्ला तहमा LGPAS को प्रशिक्षण सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना, डोटीले जिल्लागत रुपमा संचालन गरिरहेको छ ।




बैतडी जिल्लाका स्थानीय तहका
कर्मचारीहरूका लागि LGPAS सम्बन्धि प्रशिक्षण
माघ २१-२२, २०८२


बैतडी जिल्लाका स्थानीय तहका
माघ २१-२२, २०८२


दार्चुला जिल्लाका स्थानीय तहका


"दार्चुला जिल्लाका स्थानीय तहका
कर्मचारीहरुका लागि LGPAS सम्बन्धि प्रशिक्षण"
माघ २१-२२, २०८२
(PLGSP)